त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(रोजगार सेवा केन्द्र)

जुगार, रोल्पा

लुम्बिनि, प्रदेश, नेपाल

मितिः २०७७/०९/०९

## सूचना!!!

**विषय : वेरोजगारहरुको प्राथमिकताक्रम सहितको सूची सार्वजनिकीकरण सम्बन्धि सूचना ।**

प्रस्तुत विषय सम्बन्धमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व.२०७७/०७८ का लागि न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुनका लागि यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत हुने १८-४० वर्ष उमेर समूहका वेरोजगारहरुको सूची ***वेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन,२०७६*** बमोजिम तपशिलको प्राथमिकताक्रम अनुसार सार्वजनिकीकरण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालन हुने ***"युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना"*** अन्तर्गत न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुनका लागि वडा नं. २ र ७ को हकमा १५ जना वेरोजगाहरुको समूह र अन्य वडाहरुको हकमा १४ जना वेरोजगारहरुको समूह छनौट गरी रोजगारीमा खटाईनेछ ।सो समूह वडागत रुपमा पहिलो प्राथमिकताक्रममा परेका वेरोजगार हुनेछन् यदि पहिलो प्राथमिकताक्रममा परेका जो कुनै व्यक्ति रोजगारीमा संलग्न हुन नचाहेमा क्रमश प्राथमिकतक्रम अनुसार नै रोजगारीमा संलग्न हुन पाउने व्यवस्था रहेको व्यहोरा अवगत गराईन्छ यसरी रोजगारमूलक आयोजनामा रोजगारीका लागि खटिनु पुर्व अनिवार्य रोजगार सेवा केन्द्र संग सम्पर्क गरी सम्बन्धित आयोजनाको कार्यस्थल जानुपर्नेछ ।

युवा रोजागारीका लागि रुपान्तरण पहल आयोजनामा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुने श्रमिकले पालना गर्नुपर्ने नियम तथा आचारसंहिता :

- समयको अनिवार्य पालना गर्नुपर्ने ।
- समूहमा मिलेर काम गर्नुपर्ने
- सुपरिवेक्षेकको निर्देशन बमोजिम काम गर्ने
- असल आचरण तथा अनुशासन कायम गर्ने
- आयोजना प्राविधिकको निर्देशन बमोजिम कार्यस्थल सरक्षाका उपाय अवलम्वन गर्ने
- कार्य स्थलमा सहकर्मी वा अन्य कुनै व्यक्तिसँग झै-झगडा नगर्ने
- कार्य स्थलमा काम गर्दा सदभाव विथोलिने खालको व्यवहार नगर्ने
- कुनै लैङ्गिक, जातीय,. क्षेत्रीय, धार्मिक, सांस्कृतिक तथा यौन जन्य हिंसा र विभेद नगर्ने ।

नोटः

-वेरोजगारहरुलाई रोजगारीमा खटाउनु पुर्व प्रधानमन्त्रि रोजगार कार्यक्रम सम्बन्धि १ दिने अन्तरक्रिया तालिम प्रत्येक वडमा मिति,समय,र स्थान तोकी अनिवार्य सञ्चालन गरेर रोजगारीका लागि खटाईनेछ।

२०७७।०९।१२

निम बहादुर के.सी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Toll Free No. : +977-16608644965 | Phone No.: +977-9857824585
Website : http://www.trivenimunrolpa.gov.np | Email : tribenirmunicipality@gmail.com